नेपाल सरकार

# गृह मन्त्रालय

नेपाल सरकारले संवत् २०६९ साल वैशाख १ गतेदेखि संवत् २०६९ साल चैत्र मसान्तसम्म एक वर्षभरिमा सबै सरकारी कार्यालयहरुलाई देहाय बमोजिमको सार्वजनिक एवं पर्व विदाहरु दिने निर्णय गरेको छ ।

---

१. वर्षभरिका शनिवार विदाः

(क) वैशाख - २,९,१६,२३,३० (५ दिन)
(ख) जेठ - ६,१३,२०,२७ (४ दिन)
(ग) असार - २,९,१६,२३,३० (५ दिन)
(घ) साउन - ६,१३,२०,२७ (४ दिन)
(ङ) भदौ - २,९,१६,२३,३० (५ दिन)
(च) असोज - ६,१३,२०,२७ (४ दिन)
(छ) कात्तिक - ४,११,१८,२५ (४ दिन)
(ज) मङ्सिर - २,९,१६,२३,३० (५ दिन)
(झ) पौष - ७,१४,२१,२८ (४ दिन)
(ञ) माघ - ६,१३,२०,२७ (४ दिन)
(ट) फागुन - ५,१२,१९,२६ (४ दिन)
(ठ) चैत - ३,१०,१७,२४,३१ (५ दिन)

---

**जम्माः ५३ दिन**

२. पर्व बिदाहरुः

(क) नववर्ष, वैशाख १ गते शुक्रबार ।

(ख) किराँत राई लिम्वू जातिको उभौली पर्व - चण्डी पूर्णिमा (वैशाख पूर्णिमा), बैशाख २४ गते आइतबार ।

(ग) जनै पूर्णिमा, रक्षावन्धन (ऋषि तर्पणी) श्रावण १८ गते विहीबार ।

(घ) गौरा पर्व (गौरा पूजा) पर्ने दिन ।

(ङ) इस्लाम धर्मावलम्वीहरूको पर्व ईद (इदुल्ल फित्र) का दिन ।

(च) छठ पर्व मंसिर ४ गते सोमबार ।

(छ) इस्लाम धर्मावलम्वीहरूको पर्व बकर ईद (इदुल जोहा) का दिन ।

(ज) नेपाली सिख धर्मावलम्वी सरकारी कर्मचारीहरूलाई गुरु नानक जयन्ती मार्ग १३ गते बुधबार ।

(झ) इसाई धर्मावलम्वीहरूको पर्व क्रिसमस डे, (डिसेम्बर २५ तारिख) पौष १० गते मंगलबार ।

(ञ) किराँत पर्व उधौली पूजा, योमरी पुन्ही - ज्यापु दिवस (मङ्सिर पूर्णिमा, धान्य पूर्णिमा) पौष १३ गते शुक्रबार ।

(ट) तमूल्होसार पौष १५ गते आइतबार ।

(ठ) माघी पर्व माघ १ गते सोमबार ।

(ड) सोनमल्होसार माघ २९ गते सोमबार ।

(ढ) अन्तर्राष्ट्रिय महिला दिवस, (मार्च ८) फागुन २५ गते शुक्रबार ।

(ण) महाशिवरात्री, फागुन २७ गते आइतबार ।

(त) हिमाली आदिवासी शेर्पाहरूले मनाउने घ्याल्वो लोसार फागुन २९ गते मंगलबार ।

(थ) फागुपूर्णिमा, चैत्र १३ गते मंगलबार र देहायका जिल्लाहरूमा चैत्र १४ गते बुधबार ।

**जिल्लाहरूको नाम**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १. | झापा | ६. | उदयपुर | ११. | बारा | १६. | दाङ |
| २. | मोरङ्ग | ७. | धनुषा | १२. | पर्सा | १७. | वाँके |
| ३. | सुनसरी | ८. | महोत्तरी | १३. | नवलपरासी | १८. | बर्दिया |
| ४. | सप्तरी | ९. | सर्लाही | १४. | रुपन्देही | १९. | कैलाली |
| ५. | सिरहा | १०. | रौतहट | १५. | कपिलवस्तु | २०. | कञ्चनपुर |

(द) सिरुवा पावनी पर्वका दिन त्यस्तो पर्व मनाउने झापा,मोरङ्ग,सुनसरी, सिराहा र सप्तरी जिल्लामा ।

(ध) धवथाम्वु छेउचिक पर्वका दिन त्यस्तो पर्व मनाउने जिल्लाहरूमा स्थानीय विदा ।

३. महिला कर्मचारीहरूको लागि मात्रः

(क) हरितालिका (तीज), आश्विन २ गते मंगलबार ।

(ख) ऋषि पञ्चमी, आश्विन ४ गते विहीबार ।

(ग) जितिया पर्व पर्ने दिन (जितिया पर्व मनाउने महिला कर्मचारीहरूको लागि) ।

४. शिक्षण संस्थाहरूको लागि मात्रः

वशन्त पञ्चमी, फागुन ४ गते शुक्रबार ।

५. जात्रा विदा (काठमाडौं उपत्यकालाई मात्र)

(क) गाईजात्रा, श्रावण १९ गते शुक्रबार ।

(ख) इन्द्रजात्रा, आश्विन १३ गते शनिबार ।

(ग) मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा (सो जात्रा हुने दिन ।)

(घ) घोडेजात्रा चैत्र २८ गते बुधबार ।

६. दशैं बिदाः

(क) घटस्थापना, आश्विन ३० गते मंगलबार ।

(ख) कार्तिक ५ गते आइतबारदेखि कार्तिक १० गते शुक्रबारसम्म (फूलपातीदेखि द्वादशीसम्म) ।

(ग) कोजाग्रत पूर्णिमा, कार्तिक १३ गते सोमबार ।

७. तिहार बिदाः

(क) लक्ष्मीपूजा, कार्तिक २८ गते मंगलबार ।

(ख) गोवर्धन पूजा, म्ह पूजा, नेपाल सम्वत् कार्तिक २९ गते बुधबार ।

(ग) भाइटिका, कार्तिक ३० गते बिहीबार ।

८. दिवस बिदाः

(क) विश्व मजदुर दिवस, (मे १) बैशाख १९ गते मंगलबार ।

(ख) गणतन्त्र दिवस, जेष्ठ १५ गते सोमबार ।

(ग) निजामती सेवा दिवस, भाद्र २२ गते शुक्रबार (विदेशस्थित नेपाली नियोगहरूमा कार्यरत समेत निजामती कर्मचारी अदालत तथा संवैधानिक निकायका कर्मचारीहरूलाई मात्र ) ।

(घ) अन्तर्राष्ट्रिय अपाङ्ग दिवस, (डिसेम्वर ३) मंसिर १८ गते सोमबार (नेपाल भित्रका सम्पूर्ण अपाङ्ग कर्मचारीहरूको लागि) ।

(ङ) शहीद दिवस, माघ १६ गते मंगलबार ।

(च) राष्ट्रिय प्रजातन्त्र दिवस, फागुन ७ गते सोमबार ।

९. जन्म जयन्ती बिदाः

(क) वुद्ध जयन्ती, बैशाख २४ गते आइतबार ।

(ख) श्रीकृष्ण जन्माष्टमी, श्रावण २५ गते बिहीबार ।

(ग) रामनवमी (राम जयन्ती), २०७० सालमा पर्ने भएकोले निर्णय हुन बाँकी रहने

१०. विदेश स्थित नेपाली नियोगहरूले सम्वन्धित मुलुकका सार्वजनिक विदाहरूलाई समेत दृष्टिगत गरी बढीमा १८ दिनसम्म सार्वजनिकविदा आफैंले व्यवस्थापन र समायोजन गर्न सक्ने ।

११. सट्टा विदाः

अस्पताल, रोपवे, टेलिफोन, प्रहरी, अध्यागमन, थाना, चौकी, फायर व्रिगेड, टक्सार, रेडियो नेपाल, नेपाल टेलिभिजन, नेपाल सरकार मुद्रण विभाग, हुलाक, आकाशवाणी आदि जस्ता रोजना र आकस्मिक सेवा प्रदान गर्ने मन्त्रालय, विभाग तथा कार्यालयहरूले सार्वजनिक विदाका दिनमा समेत काम काज गर्नु पर्ने हुँदा त्यस्ता कार्यालयहरूमा दैनिक काम नरोकिने गरी सार्वजनिक विदाका दिन काम गरेवापत प्रचलित कानूनको रीत पुर्‍याई सट्टा विदा वस्न पाइने ।

१२. कार्यालय हाजिर हुने र छुट्ने समयः

(क) नेपाल राज्यभरका सवै सरकारी कार्यालयहरूमा शुक्रवार बाहेक माघ १६ गतेदेखि कार्तिक १५ गतेसम्म विहान १०:०० बजे हाजिर भई अपरान्ह ५:०० बजे छुट्ने र कार्तिक १६ गतेदेखि माघ १५ गतेसम्म विहान १०:०० बजे हाजिर भई अपरान्ह ४:०० बजे छुट्ने ।

(ख) शुक्रबारको दिन विहान १०:०० बजे हाजिर भै अपरान्ह ३:०० बजे छुट्ने ।

द्रष्टव्यः

(क) “आधा दिन” भन्नाले कार्तिक १६ गतेदेखि माघ १५ गतेसम्म तीन महिनाको लागि १:०० वजे र माघ १६ गतेदेखि कार्तिक १५ गतेसम्म दिनको १.३० वजेसम्म सम्झनु पर्छ ।

(ख) सेवाग्राहीलाई प्रदान गरिने सेवा प्रवाहमा असर नपर्ने गरी कार्यालय समयको १ बजेदेखि २ वजेसम्म खाजा खाने समय कायम गरिएकोछ।